प्रदेश सरकार

लुम्बिनी प्रदेश

# सामाजिक विकास मन्त्रालय

(प्रशासन तथा योजना महाशाखा)

मुकामः बुटवल, नेपाल

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
मुकाम बुटवल, नेपाल

पत्र संख्याः २०७७/०७८

चलानी नं.:

मितिः २०७७/१२/३०

**सीप विकास तालिम संचालन गर्न लुम्विनी प्रदेशका स्थानीय तहसँग प्रस्ताव आह्वान गरिएको सम्बन्धी सूचना**

प्रस्तुत विषयमा संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित व्यवसायिक तथा सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७७ को दफा ७ को उपदफा (२) मा चालु आर्थिक वर्ष २०७७/०७८ को तालिम कार्यक्रमको हकमा लागत अनुमान अनुसार प्रदेश सरकार तथा स्थानीय तहको २० प्रतिशत लागत साझेदारी हुनेछ भन्ने व्यवस्था भएकोमा सोही कार्यविधिको दफा ६ बमोजिम गठित "प्रदेश तालिम निर्देशन तथा समन्वय समिति" को मिति २०७७/१२/१५ को वैठकबाट लागत साझेदारीमा आधारीत तालिम सञ्चालन गर्दा लाग्ने लागत साझेदारीको कुल ८० प्रतिशत संघीय सरकारको र वाँकी २० प्रतिशत अंश मध्ये प्रदेश सरकार र स्थानीय तहको १०/१० प्रतिशत हुने भनि निर्णय भएको छ। अत: सम्बन्धीत स्थानीय तहबाट सञ्चालन हुने तालिमको कुल लागतको १० प्रतिशत अंश तहाँबाटै व्यहोर्ने गरी आफुले सञ्चालन गर्न चाहने आवश्यक तालिमको प्रकार, संख्या तथा तालिम संचालन हुने स्थान लगायतका व्यहोरा खुलाई संघ, प्रदेश तथा स्थानीय तहको लागत साझेदारीमा आधारित व्यवसायिक तथा सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७७ को अनुसूचि-१ मा उल्लेखित लागत साझेदारी तालिम सम्बन्धी प्रस्ताव आह्वान फाराम मन्त्रालयको वेभ साईटबाट प्राप्त गरी उल्लेखित फाराम भरी १५ दिनभित्र विद्युतिय वा अन्य माध्यमबाट यस मन्त्रालयमा प्रस्ताव उपलव्ध गराईदिनुहुन निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

२०७७/१२/३०

अधिकृत